# लक्ष्मीनियाँ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## लक्ष्मीनियाँ बजार,धनुषा

# निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०२।३०

भोगेन्द्र मिश्र

गा.पा.अध्यक्ष

CamScanner

# निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना**: निजी वनप्रति स्थानीय जनताको आकर्षणलाई वृद्धि गरी निजी वनको विकास, संरक्षण र प्रवर्द्धन गर्न, निजी वन व्यवस्थापन मार्फत जैविक विविधता, वातावरण संरक्षण तथा वन उद्यमको प्रवर्धन एवं विकासमा टेवा पुऱ्याउन, वन तथा वातावरणसँग सम्बन्धित प्रचलित सङ्घीय र प्रदेश कानूनमा भएका स्थानीय तहको अधिकार कार्यान्वयन गर्न, निजी वन दर्ता, इजाजत तथा वन पैदावार ओसारपसार र अनुगमन कार्यलाई सहज र प्रभावकारी वनाउन कार्यविधि निर्धारण गर्न वाञ्छनीय भएकोले,

वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८१ दफा ६६ ले दिएको अधिकार प्रयोग गरी **लक्ष्मीनियाँ गाउँपालिकाको** कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भिक**: (१) यस कार्यविधिको नाम "_निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "ऐन" भन्नाले **लक्ष्मीनियाँ गाउँपालिकाको** **"स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनलाई** सम्झनु पर्दछ।

(ख) "अधिकारप्राप्त अधिकारी" भन्नाले स्थानीय तहमा कार्यरत प्रचलित कानून बमोजिम योग्यता पुगेको वन प्राविधिक

भोगेन्द्र मिश्र
गा.पा.अध्यक्ष

वा वन सम्बन्धि कार्य गर्नको लागि खटाइएको अनुमति प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले लक्ष्मीनियाँ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले पालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले "निजी वन विकास तथा व्यवस्थापन कार्यविधि,२०८२ लाई सम्झनु पर्दछ ।

(च) "कोष" भन्नाले ऐनको दफा ४६ बमोजिमको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषलाई सम्झनु पर्दछ ।

(छ) गाउँ पालिका" भन्नाले लक्ष्मीनियाँ गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ज) "टाँचा" भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्दछ । सो शब्दले क्यु आर कोड तथा यस्तै किसिमको चिन्ह समेतलाई जनाउँनेछ ।

(झ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संघ संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्केको वा हुर्काइएको वा संरक्षण र व्यवस्थापन गरिएको वन सम्झनु पर्दछ ।

(ञ) "प्रमुख" भन्नाले लक्ष्मीनियाँ गाउँपालिका अध्यक्ष लाई सम्झनु पर्दछ ।

योगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लक्ष्मीनियाँ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) " निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्दछ ।

(ड) "वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयलाई सम्झनु पर्दछ ।

(ढ) "वन पैदावार" भन्नाले निजी वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्दछ ।

- काष्ठ पैदावार,
- गैरकाष्ठ वन पैदावार,

(ण) "वातावरणीय सेवा" भन्नाले निजी वनबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छ;-

- कार्बन सेवा
- जैविक विविधता संरक्षण
- जलाधार तथा जलचक्र प्रणाली
- पर्यापर्यटन
- तोकिए बमोजिमका अन्य वस्तु, सेवा तथा लाभ ।

(त) "समुह" भन्नाले दफा ८ बमोजिम गठन भएको निजी वन समुहलाई सम्झनु पर्दछ ।

जोगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

CamScanner

(थ) "समिति" भन्नाले पालिकाको वन तथा वातावरण समितिलाई सम्झनु पर्दछ।

(द) "शाखा" भन्नाले पालिकाको वन तथा वातावरणको संरक्षण तथा व्यवस्थापनको लागि तोकिएको शाखालाई सम्झनु पर्दछ ।

(ध) "पालिका" भन्नाले गाउं पालिकालाई बुझाउँछ ।

## परिच्छेद - २

## निजी वन दर्ता प्रकृया

३. **निजी वनमा वन पैदावार सम्बन्धी व्यवस्था:** कुनै व्यक्ति तथा संस्थाले आफ्नो स्वामित्वको जग्गामा वनको विकास, व्यवस्थापन, संरक्षण गर्न र प्रचलित कानून बमोजिम मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

४. **निजी वन दर्ताका लागि निवेदन दिनुपर्ने:** (१) प्रचलित कानून तथा यस कार्यविधि बमोजिम आफ्नो हकभोगको जग्गाधनी प्रमाणपुर्जा प्राप्त जग्गामा निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले देहाय बमोजिमको कागजात र विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालय मार्फत वा सोझै गाउँ/नगर पालिकामा निजी वन दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि;

(ख) मालपोत तिरेको रसिदको प्रतिलिपि;

(ग) नापी कार्यालयले प्रमाणित गरेको जग्गाको कित्ता नम्बर खुलेको नक्सा र फिल्डवुकको प्रतिलिपि;

(घ) सम्बन्धित व्यक्ति वा संस्थाका पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि;

(ङ) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात;

(२) उपदफा (१) बमोजिमको निवेदनलाई सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यलयमा पठाई तहाँबाट सिफारिस प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम यदि कसैले सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यलयं मार्फत सिफारिस गरी निवेदन पेश गरेमा सोही निवेदन लाई दर्ताको लागि योग्य मानिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम निवेदकले बुझाएका कागजातहरु नपुग भएमा निवेदक लाई निवेदन दर्ता गर्न ल्याएको समयमा नै जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(५) माथिको उपदफा हरुमा जेजस्तो व्यवस्था भएता पनि निजी वन दर्ताको लागि पेश गरेको निवेदकको जग्गाको सीमाना वनक्षेत्र सँग जोडिएको भएमा डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यलयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

५. <u>छानविन गर्न सक्ने</u> : (१) दफा ४ बमोजिम दर्ता भएको निवेदन उपर कार्यालयले आवश्यकता अनुसार वन प्राविधिक वा अधिकार प्राप्त अधिकारी खटाई छानविन गर्न पनि सक्नेछ ।

जोगेन्द्र मिश्र
गा.पा.अध्यक्ष

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

(२) छानविन गर्दा वडा कार्यालय मार्फत वडाको प्रतिनिधिको रोहबरमा जानकारी लिने, सरजमिन बुझ्ने तथा सम्बन्धित जग्गाको स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

६. **दर्ता प्रमाणपत्र दिनुपर्ने:** (१) दफा ४ बमोजिम डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी सिफारिस प्राप्त प्राप्त भएको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-३ बमोजिम निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय अनुसार निजी वन दर्ता गरी तीन दिनभित्र अनुसूची-४ बमोजिम ढाँचामा निवेदकलाई कार्यपालिकाले तोकेको शुल्क लिई प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र प्रदान गरेको निजी वनको अद्यावधिक लगत राखी शाखाले सो को जानकारी सम्बन्धित वन कार्यालयमा गराउनु पर्नेछ ।

(४) यस कार्यविधि वमोजिम दर्ता भएका निजी वनको धनीले आफ्नो निजी वनमा नयाँ वृक्षरोपण गरेमा वन पैदावारको जात र संख्या खुलाई सो को जानकारी पालिकामा दिनुपर्नेछ । यसको जानकारी प्राप्त भए पछि निजी वन दर्ता गर्दाको बखत रहेका रुख विरुवाहरुको विवरणलाई अद्यावधिक गरेको निस्सा निजी वन धनीलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि दर्ता भएका निजी वन धनीले आफुले प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि सहितको विवरण पालिकामा अद्यावधिक गर्न वा नविकरण गर्नका लागि निवेदन दिनुपर्नेछ । तर सम्बन्धित डिभिजन वन कार्यालयमा दर्ता भएको निजी वनको लगत विवरणको प्रति माग गरी कार्यालयले अद्यावधिक गर्न सक्नेछ ।

(६) यस कार्यविधि बमोजिम दर्ता भएको निजी वनमा वृक्षरोपण गर्न तथा निजी वनको व्यवस्थापन र संरक्षण गर्न पालिकाले सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यलय सँगको समन्वयमा आवश्यक सहयोग र संहजिकरण गर्नुपर्नेछ ।

७. <u>अद्यावधिक स्थिति विवरण नविकरण गर्नु पर्नेः</u> (१) निजी वन लगाउने व्यक्ति वा संस्थाले निजी वन दर्ता गरेकोमा दर्ता गर्दाको अवस्थामा पेश गरेको वृक्षरोपण गरिएको रुख विरुवाहरुको स्थिति संख्यामा परिवर्तन भएको अवस्थामा सोको अद्यावधिक विवरण गाउँ/नगरपलिकामा बुझाउनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम अद्यावधिक विवरण नविरकण गर्दा पालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम वा कार्यपालिकाले तोके बमोजिम शुल्क तोक्न सक्नेछ ।

(३) सम्बन्धित निजी वन धनी व्यक्ति वा संस्थालाई पालिकाले अद्यावधिक विवरण नविकरण गरेको निस्सा प्रदान गर्नुपर्नेछ । सो निस्साको विवरण निजी वन दर्ता गरिएको अभिलेख रजिष्टरमा अद्यावधिक गरी प्रमाणित गरी राख्नु पर्नेछ ।

८. <u>निजी वन समुह गठन गर्न सकिनेः</u> (१) वनको विकास, संरक्षण तथा व्यवस्थापन गर्ने शिलशिलामा वातावरणीय सेवा, कार्बन सञ्चिति तथा वन पैदावारको विक्री वितरण लगायत कार्यमा सामूहिक लाभ अभिवृद्धि गर्नको लागि लागि दर्ता भएका कम्तिमा सबै निजी वन धनीहरुको समूहीकृत रुपमा क्षेत्रफल कम्तिमा १ एक हेक्टर तथा कम्तीमा ९ जना निजी वन धनी मिलेर एउटा निजी वन समुह गठन गर्न सक्नेछन् । यस्तो निजी वन समूह गठन गर्दा सम्बन्धित पालिका भित्रको वडाको सीमानाले कुनै बाधा पुर्याएको मानिने छैन ।

जोगेन्द्र मिश्र
गा.पा.अध्यक्ष

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ, धनुषा
मधेश प्रदेश, नेपाल
२०७२

(२) उपदफा (१) बमोजिम गठन गरिएको निजी वन समुहले "निजी वन समुह" दर्ताका लागि अनुसूची-५ बमोजिमको ढाँचामा पालिकामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निजी वन समुह दर्ता गर्ने निवेदन दिँदा समुहको विधान सहितको कार्ययोजना विधान तथा कम्तिमा देहायका बुँदा समेटिएको संलग्न गर्नुपर्नेछ।

(क) भूमिका

(ख) पृष्ठभूमि: निजी वन समुहको नाम र ठेगाना, निजी वन धनीको नाम र संख्या, समुहको कार्यक्षेत्र, निजी वनले ओगटेको क्षेत्रफल, निजी वनमा लगाउन चाहेको वा संरक्षण गरिएको वा हुर्काएको रुख विरुवाको जात तथा थप विवरण

(ग) निजी वन समुह दर्ता गर्नुको उद्देश्य

(घ) निजी वनको हालको अवस्था, वातावरणीय सेवा र कम्तिमा वन पैदावारको उत्पादनको एक बाली चक्रको आधारमा वा उत्पादन लिन चाहेको अवधिमा गरिने क्रियाकलापहरुको विवरण

(ङ) निजी वनमा आवश्यक पर्ने प्राविधिक सहयोग तथा त्यसको उपलब्धताको बारेमा विवरण

(च) निजी वनबाट प्राप्त हुने अपेक्षित वन पैदावार तथा वातावरणीय सेवाहरुको विवरण तथा प्रक्षेपण (छ) निजी वनबाट उत्पादन हुने वन पैदावार तथा वातावरणीय सेवाको विक्री तथा वितरणको व्यवस्थापनको प्रक्षेपण

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

योगेन्द्र मिश्र
गा.पा.अध्यक्ष

(छ) निजी वनको संरक्षण, व्यवस्थापन एवं अनुगमन तथा मुल्याङ्कनको व्यवस्था

(ज) विविध

(४) उपदफा(३) बमोजिमको कार्ययोजना र विधानको अध्ययन गरी आवश्यक कागजात र मापदण्ड पुगे नपुगेको छानविन गरी पालिकाले समुह दर्ता गरी पन्ध्र दिनभित्र अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ र सो को जानकारी सम्बन्धित वन कार्यालयलाई गराउनु पर्नेछ ।

(५) निजी वन समूहले आफ्ना सदस्य धनीले आफ्नो स्वामित्वमा रहेको निजी वनमा रहेको रुख तथा वनस्पतिको संरक्षण, विकास तथा व्यवस्थापनबाट सिर्जित कार्बन सञ्चितिलाई प्रचलित कानून बमोजिम कार्बन विक्री गर्न कार्बन व्यापार गर्न सक्ने र सो कार्यको लागि पालिकाले सहजिकरण तथा समन्वय गर्नेछ ।

## परिच्छेद - ३

## विरुवाको माग सङ्कलन , उत्पादन र वितरण

**विरुवाको माग सङ्कलन :** (१) निजी वन लगाउने व्यक्ति तथा संस्थाले आफूलाई आवश्यक पर्ने विरुवाको जात, संख्या खुलाई वडा कार्यालयमार्फत पालिकामा निवेदन दिन सक्नेछन् ।

(२) वडा कार्यालयहरुले निजी वनको विकासको लागि आवश्यक विरुवाको माग सङ्कलन गरी पालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

(३) बीउ तथा विरुवाको माग सङ्कलन का लागि पालिकाले आवश्यकता अनुसार सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालय,

प्रदेश सरकार तथा अन्य सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गर्न सक्नेछ ।

१०. **विरुवा उत्पादन:** (१) निजी वनको लागि आवश्यक पर्ने विरुवा पालिका आफैले वा वन कार्यालय मार्फत वा निजी स्तरमा व्यक्ति वा संघ, संस्था मार्फत समेत उपलब्ध गराउन सक्नेछ ।

(२) विरुवा उत्पादनको लागि पालिकाले निजी तथा सामुदायिक नर्सरीहरु लाई प्रोत्साहन तथा प्राथमिकता दिनेछ । गाउँ/नगरपालिकामा दर्ता भएका निजी वन समेतले निजी नर्सरीको रुपमा विरुवा उत्पादन गर्न सक्नेछन् ।

(३) विरुवा उत्पादन कार्यका लागि आवश्यक पर्ने प्राविधिक सहयोग र गुणस्तरको अनुगमन वन कार्यालय सँगको समन्वयमा पालिकाले गर्नेछ ।

११. **विरुवा वितरण:** (१) वडा कार्यालय मार्फत पालिकाले निजी वन धनीलाई विरुवाको वितरणको व्यवस्था मिलाउनेछ ।

(२) पालिका सँग सम्झौता गरी स्थानीय प्राथमिकताको सूचीमा रहेको प्रजातीहरु निजी स्तरमा उत्पादन गरेको विरुवाको हकमा सम्झौता अनुसार खरिद गरी निःशुल्क वा सहुलियत दरमा वितरण गर्नेछ ।

(३) विरुवा वितरणका लागि पालिकाले आवश्यकता अनुसार वन कार्यालय बाट प्राविधिक सहयोग लिन सक्नेछ ।

## परिच्छेद - ४

## निजी वन प्रवर्द्धन, व्यवस्थापन र अनुगमन

१२. **वन तथा वातावरण समिति:** (१) पालिकाको वन तथा वातावरण सम्बन्धि विषयको लागि गठन गरिएको समितिले निजी वन विकास, व्यवस्थापन तथा प्रवर्द्धनमा आवश्यक समन्वय र सहजिकरण गर्नेछ ।

(२) समितिले तोकिएका कामका अतिरिक्त वन विकास तथा व्यवस्थानका लागि देहाय बमोजिमका काम गर्नेछ:

(क) वनक्षेत्रसँग सम्बन्धित सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्न समन्वय र सहजिकरण गर्ने ।

(ख) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्न सहयोग गर्ने ।

(ग) वन पैदावार सङ्कलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने ।

(घ) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप निजी वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्न आवश्यक कार्य गर्ने ।

(ङ) स्थानीय अवस्था र आवश्यकता अनुसार वन विकास तथा उपयोगका लागि प्राथमिकताका क्षेत्र पहिचान गर्ने ।

(च) वन विकास र संरक्षणमा संलग्न निजी वन धनि तथा व्यवसायीहरु लाई प्रोत्साहन हुनेगरी सहुलियतका उपायको पहिचान र वन पैदावार सङ्कलन तथा बजारिकरण लगायतका विषयमा आवश्यक अध्ययन गरी कार्यान्वयनका लागि सिफारिस गर्ने ।

(छ) निजीं वन अनुगमन गरी प्रवर्द्धन र व्यवस्थापनका लागि प्रभावकारी उपायहरू सिफारिस गर्ने ।

. <u>निजी वन व्यवस्थापन प्राविधिक सहयोग:</u> (१) निजी वन व्यवस्थापन तथा सम्बर्द्धन. गर्ने कार्यको जिम्मेवारी निजी वन धनीको हुनेछ । तर यस सम्बन्धमा निजी वन धनीले आवश्यक प्राविधिक सहयोग माग गरेमा पालिकाको वन तथा वातावरण सम्बन्धि कार्य गर्न तोकिएको शाखाले उपलब्ध गराउनेछ ।

(२) पालिकाले थप प्राविधिक सहयोगका आवश्यक ठानि सम्बन्धित वन कार्यालय सँग माग गरेमा वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउनू पर्नेछ ।

(३) निजी वन धनीले यस सम्बन्धमा अन्य निजी, सरकारी, तथा गैर सरकारी संघ संस्थाहरुबाट समेत प्राविधिक सहयोग लिन सक्नेछ ।

(४) निजी वन व्यवस्थापनको लागि प्राविधिक सहयोगका क्षेत्रहरु निम्नानुसार रहने छन् :

(क) बीउ/विजन/विरुवाको पहिचान, सङ्कलन तथा उत्पादन

(ख) नर्सरी व्यवस्थापन;

(ग) निजी वन स्थापना गर्ने क्षेत्र सर्भेक्षण तथा प्रजातिको पहिचान

(घ) निजी वन वृक्षारोपण, पुनःरोपण, गोडमेल तथा सम्बर्द्धन;

(ङ) रोग निदान;

(च) कृषि वन प्रणाली;

(छ) निजी वनको रुख कटान तथा अन्य वन पैदावारको सदुपयोग;

(ज) निजी वनको श्रोत सर्भेक्षण तथा मूल्याङ्कन;

(झ) अन्य आवश्यक प्राविधिक सहयोग ।

४. **सहयोग र शुल्क सम्बन्धी व्यवस्था:** (१) विरुवा उत्पादन गर्न आवश्यक पर्ने सामग्री (पोलिथिन ब्याग, किटनाशक औषधी, औजार, बीउ बिजन आदि) पालिकाले उपलब्ध गराउन सहयोग गर्न सक्नेछ ।

(२) प्राविधिक सेवा उपलब्ध गराए वापतको सेवा शुल्क तोक्न वा सम्बन्धित निकायमा सिफारिश गर्ने तथा अन्य आवश्यक कुराहरुको व्यवस्था पालिकाले तोके बमोजिम हुनेछ ।

५. **निजी जग्गामा कृषि वन र जडीबुटी खेती तथा वन्यजन्तु पालन गर्न सकिने:** (१) निजी वन धनीले निजी जग्गामा कृषि वन र जडिबुटी खेती गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खेति गर्दा प्रचलित वातावरण सम्बन्धी कानून र जडिबुटी खेती तथा प्रशोधन सम्बन्धी अन्य प्रचलित कानूनमा तोकिएका मापदण्डको पालना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निजी जग्गामा कृषि वन र जडिबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्य गर्नु हुँदैन ।

(४) निजी जग्गामा खेती गरिएका अनुसूची ७ मा उल्लिखित काष्ठ, जडिबुटी तथा अन्य वन पैदावार अन्य कृषि उपज सरह सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्न सकिनेछ ।

(५) निजी जग्गामा लगाइएका संकटापन्न वनस्पतिको हकमा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम हुनेछ ।

(६) निजी वन धनीले प्रचलित कानून बमोजिम निजी वनमा पुष्पजन्तु पालन गर्न सक्नेछ ।

१६. <u>नर्सरी स्थापना गर्न सक्ने</u> (१) प्रचलित कानून र मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरी पालिका क्षेत्रभित्र निजी वन धनीले नर्सरी तथा उद्यान सञ्चालन गर्न सकिनेछ ।

(२) पालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुलाई प्रोत्साहनको लागि सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) पालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको पालिकाले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । अनुगमन तथा निरीक्षण गरिसके पश्चात सुझावहरु उपलब्ध गराउनु पर्नेछ ।

७. <u>वन पैदावारको प्राथमिकताको सूची:</u> (१) पालिकाले निजी वनको लागि प्राथमिकताका प्रजातीको व्यवस्था गर्न सक्नेछ ।

(२) निजी वन धनीले आफ्नो जमिनमा रहने वन पैदावारको कम्तिमा ६० प्रतिसत वन पैदावार पालिकाको प्राथमिकता बमोजिमको प्रजातीहरु लगाएमा निजी वन सम्बन्धमा लाग्ने सबै शूल्कहरुमा ( जस्तै वार्षिक नविकरण शूल्क, कटानी, ढुवानी तथा इजाजत शूल्क) पचास प्रतिसत सम्म छुट दिन सक्नेछ ।

८. <u>प्रतिवेदन पेश गर्नुपर्ने:</u> (१) निजी वन धनीले निजी वन दर्ता गरेकोमा दर्ता गर्दाको अवस्थामा पेश गरेको वृक्षारोपण गरिएको रुख विरुवाहरुको स्थिति संख्यामा परिवर्तन भएको अवस्थामा स्थिति संख्यामा परिवर्तन भएको आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र अद्यावधिक प्रतिवेदन पालिकामा पेश गर्नुपर्नेछ ।

(२) अद्यावधिक प्रतिवेदनमा पालिकाले तोकेको ढाँचामा देहाय बमोजिमको विवरण्ण तथा जानकारी समावेश हुनुपर्नेछ :

(क) वन पैदावारको प्रजाती अनुसार संख्या, उमेर र परिणाम;

(ख) अघिल्लो आ.व. मा नयाँ रोपिएका/लगाइएको प्रजाती को नाम, संख्या र परिणाम;

(ग) चालु आ.व. मा कटानी गर्ने पैदावारको विविरण (प्रजाति, उमेर, उचाई, तथा गोलाई );

(घ) लेखा परीक्षण गरेको भए अघिल्लो आ.व. लेखा परिक्षण प्रतिवेदन ;

(ङ) आघिल्लो आ.व. मा बिक्रि गरिएको वन पैदावारको विवरण (बिक्रि मूल्य, प्रजाती, उमेर, परिमाण)

(च) अन्य थप विवरण

१९. <u>अनुगमन सम्बन्धि व्यवस्था</u>: (१) पालिकाभित्र रहेका निजी वनको अनुगमन पालिका वन तथा वातावरण समिति र शाखाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्नको लागि थप प्राविधिक सहयोग आवश्यक भएमा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयबाट प्राविधिक सहयोग लिन संक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा <u>अनुसूची-८</u> बमोजिमको अनुगमन फाराम भरी अनुगमनको अभिलेख राख्नुपर्नेछ ।

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

## परिच्छेद - ५

## निजी वन पैदावारको कटानी, ढुवानी तथा इजाजत सम्बन्धी व्यवस्था

२०. निजी वनको रुख कटानी वा सङ्कलन : (१) दर्ता भएको निजी वन धनीले आफ्नो निजी वनको कटानी वा सङ्कलन गर्नुपर्ने भएमा सम्बन्धित वडा कार्यालयमा कटान अनुमतिका लागि अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) कटान गर्नका लागि सम्बन्धित वडा कार्यालयलाई दिईने निवेदनमा देहाय बमोजिमको यथासम्भव विवरण संलग्न हुनुपर्नेछ :

(क) निजी वन धनीको नाम;

(ख) निजी वन दर्ता प्रमाणपत्र/ इज़ाजतपत्र नं;

(ग) कटानको प्रयोजन (घरेलु वा व्यवसायिक);

(घ) कटान गरिने रुखहरुको संख्या तथा प्रजाति;

(३) उपदफा (२) बमोजिमको निवेदनमा घरायसी प्रयोजनको लागि निजी वन रहेकै गाउँपालिकामा उपयोग गर्ने रहेछ भने निवेदन प्राप्त भएको मितिले ३ तीन दिन भित्र सम्बन्धित वडा कार्यालयले निवेदकलाई निजी वन रुख कटानी गर्न अनुमति दिनु पर्नेछ र सो को जानकारी पालिकालाई गराउने छ ।

(४) उपदफा (२) बमोजिमको निवेदन व्यवसायिक प्रयोजनका लागि रहेछ भने वडा कार्यालयले आवश्यक सिफारिस सहित प्राविधिक छानविनका लागि पालिकामा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त निवेदन उपर पालिकाले वन प्राविधिक मार्फत वा वन कार्यालयको सहयोगमा आवश्यक प्राविधिक छानविन गराई कटानका लागि माग गरिएको वन पैदावार निवेदकको देखिन आएमा रुख

कटानी गर्न अनुसूची-१० बमोजिमको ढाँचामा निवेदकलाई सात दिनभित्र इजाजत पत्र दिनेछ ।

(६) दर्ता नभएका निजी वन, राष्ट्रिय वन, ऐलानी, पर्तीसँग जोडिएको भएमा आवश्यकता अनुसार प्राविधिक तथा अमिनबाट छानविन पुरा गरी पालिकाले कटान इजाजत दिन सक्नेछ ।

(७) सम्बन्धित वडा कार्यालय वा पालिकाले प्राप्त निवेदन तथा प्रदान गरिएको कटान इजाजतको जानकारी सम्बन्धित वन कार्यालयमा दिनु पर्नेछ ।

(८) कटान गरिएको रुखबाट तयार पारिएको गिण्डा तथा दाउराको नाप जाँच अनुसूची-११ बमोजिम तयार गर्नु पर्नेछ ।

(९) माथिको दफा तथा उपदफाहरुमा जेजस्तो प्रावधान भएतापनि सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३ अनुरुपको अनुसूचीहरुमा उल्लिखित वनस्पतिहरुको खेती, कटान तथा ओसारपसारको हकमा सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ बमोजिमको प्रक्रिया पुरा गरेको हुनु पर्नेछ ।

२१. **निजी वनको काठ, दाउरा, गैरकाष्ठ वन पैदावार ढुवानी र इजाजतः** (१) यस कार्यविधि बमोजिम दर्ता भएका निजी वन धनीले आफ्नो निजी वनको काठ, दाउरा निजी वन रहेकै स्थानीय तहभित्र प्रयोग गर्नु पर्दा इजाजत लिनु आवश्यक पर्ने छैन । तर, एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसार पसार गर्नुपर्ने भएमा कार्यपालिकाबाट वा कार्यपालिकाले अधिकार प्रदत्त

लक्ष्मीनियाँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लक्ष्मीनियाँ बजार, धनुषा मधेश प्रदेश, नेपाल २०७३

योगेन्द्र मिश्र गा.पा.अध्यक्ष

अधिकारीको अनुमति लिनुपर्नेछ भने एक जिल्लाबीट अर्को जिल्लामा ओसारपसार गर्नुपरेमा कार्यपालिकाको सिफारिस वा कार्यपालिकाले तोकेको अधिकारीको सिफारिसमा सम्बन्धित डिभिजन वन कार्यालयवाट अनुमति लिनुपर्नेछ ।

(२) दर्ता गरिएको निजी वन धनीले निजी वनको काठ दाउरा व्यवसायिक प्रयोजनका लागि स्थानीय तहभित्र बिक्री वितरण र ओसार पसार कार्यपालिकाको सिफारिस लिई गर्न सक्नेछ । यसरी बिक्रीवितरण र ओसार पसार गर्ने काठ दाउराको स्थानीय वन प्राविधिकबाट लगत प्रमाणित गरी स्थानीय तहको चिन्ह लगाएको हुनु पर्नेछ । स्थानीय तहले यस प्रकारको चिन्हको निर्माण तथा प्रमाणिकरण प्रचलित कानून बमोजिम सम्बन्धित वन कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

(३) निजी वनको काठ दाउरा आफ्नो स्थानीय तह बाहिर ओसार पसार गर्न सम्बन्धित स्थानीय तहको सिफारिसमा डिभिजन वन कार्यालयको इजाजत लिनुपर्नेछ ।

(४) निजी वनबाट उत्पादित काठ दाउराको लगत वडा कार्यालय मार्फत वन कार्यालयमा बुझाउनु निजी वन धनीको कर्तव्य हुनेछ ।

(५) इजाजत पत्रको साथमा निजी वनको काठ दाउराको प्रजाति, थान, नाप साइज, जम्मा परिमाण आयतन अनुसूची-१२ बमोजिम संलग्न हुनु पर्नेछ ।

निजी रुखको बिक्रीवितरण र ओसार पसार: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वनक्षेत्रसँग नजोडिएको निजी आवादी जग्गामा रहेका निजी रुखहरूको कटान घरायसी प्रयोजनको लागि उपयोग गर्दा कुनै अनुमति लिनुपर्ने छैन ।

अधिकारीको अनुमति लिनुपर्नेछ भने एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नुपरेमा कार्यपालिकाको सिफारिस वा कार्यपालिकाले तोकेको अधिकारीको सिफारिसमा सम्बन्धित डिभिजन वन कार्यालयबाट अनुमति लिनुपर्नेछ ।

(२) दर्ता गरिएको निजी वन धनीले निजी वनको काठ दाउरा व्यवसायिक प्रयोजनका लागि स्थानीय तहभित्र बिक्री वितरण र ओसार पसार कार्यपालिकाको सिफारिस लिई गर्न सक्नेछ । यसरी बिक्रीवितरण र ओसार पसार गर्ने काठ दाउराको स्थानीय वन प्राविधिकबाट लगत प्रमाणित गरी स्थानीय तहको चिन्ह लगाएको हुनु पर्नेछ । स्थानीय तहले यस प्रकारको चिन्हको निर्माण तथा प्रमाणिकरण प्रचलित कानून बमोजिम सम्बन्धित वन कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

(३) निजी वनको काठ दाउरा आफ्नो स्थानीय तह बाहिर ओसार पसार गर्न सम्बन्धित स्थानीय तहको सिफारिसमा डिभिजन वन कार्यालयको इजाजत लिनुपर्नेछ ।

(४) निजी वनबाट उत्पादित काठ दाउराको लगत वडा कार्यालय मार्फत वन कार्यालयमा बुझाउनु निजी वन धनीको कर्तव्य हुनेछ ।

(५) इजाजत पत्रको साथमा निजी वनको काठ दाउराको प्रजाति, थान, नाप साइज, जम्मा परिमाण आयतन अनुसूची-१२ बमोजिम संलग्न हुनु पर्नेछ ।

२२. निजी रुखको बिक्रीवितरण र ओसार पसार: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वनक्षेत्रसँग नजोडिएको निजी आवादी जग्गामा रहेका निजी रुखहरूको कटान घरायसी प्रयोजनको लागि उपयोग गर्दा कुनै अनुमति लिनुपर्ने छैन ।

(२) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नभएका नम्बरी आवादीको काठ दाउरा बिक्री वितरणको हकमा जग्गा धनीले वडा कार्यालय मार्फत वा सोझै पालिकामा रुख कटानका लागि निवेदन दिनुपर्नेछ । सो उपर आवश्यक प्रवाधिक जाँच गरी गराई रुख कटानका लागि अनुमति दिनेछ र ओसार पसारका गर्न छोडपुर्जीका लागि डिभिजन वन कार्यालयमा सिफारिस गर्नेछ ।

२३. **कृषि उपज सरह हुने:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता भएका वा नभएका निजी वन धनीले आफ्नो स्वामित्वको वन वा जग्गमा रहेका प्रचलित कानून बमोजिम कृषि उपज सरह भनि सूचीकृत गरिएका अनुसूची-७ बमोजिमका रुख, जडिबुटी तथा अन्य वन पैदावार आफूखुशी सङ्कलन , ओसारपसार र बिक्रीवितरण गर्दा पालिकाबाट कृषि वस्तु सरह लगत प्रमाणित गराई ओसार पसार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ओसारपसारका लागि कृषि उपज सरह लगत प्रमाणित गर्दा पालिकाले वन कार्यालयबाट प्राविधिक सहयोग लिन सक्नेछ । आफ्नै पालिकामा भएको वन प्राविधिकबाट लगत प्रमाणित गराउने व्यवस्था मिलाउन सक्नेछ । यस्तो लगत प्रमाणितको जानकारी सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद – ६

## सहुलियत, प्रोत्साहन र पुरस्कार

२४. **सहुलियत दिन सक्ने:** (१) पालिकाभित्र रहेका यस कार्यविधि जारी भएको एक बर्ष भित्र भित्र कार्यविधि बमोजिम निजी वन दर्ता हुन चाहेमा दर्ता शुल्क लाग्ने छैन ।

(२) निजी वन दर्ताका लागि आवश्यक पर्ने प्राविधिक सहयोग जस्तै निजी वनको नाप नक्सा, रुख विरुवाको नाप लगत, सर्जमिन मुचुल्का लगायतको लागि आवश्यक व्यवस्थापन र सहजिकरण पालिकाले गर्नुपर्नेछ ।

(३) निजी वन दर्ता गर्न जाँदा साँध सिमाना नाप जाँचका लागि आवश्यक पर्ने अमिनको व्यवस्थापन गर्दा लाग्ने शुल्कमा पालिकाले पचास प्रतिशतसम्म सहुलियत दिन सक्नेछ ।

(४) निजी वनमा विरुवा रोप्न, हुर्काउन आवश्यक स्थान सुरक्षा गर्न तथा मलजल गर्न प्रोत्साहन स्वरुप पालिकाले प्रति विरुवा संरक्षण सहयोग अनुदान उपलब्ध गराउन सक्नेछ ।

(५) नर्सरी नभएका क्षेत्रमा नयाँ नर्सरी स्थापना गर्न चाहने निजी नर्सरीलाई चाहेका प्रजातीका गुणस्तरीय विरुवा उपलब्ध गराउने शर्तनामा नगद वा सामग्री अनुदान उपलब्ध गराउन सक्नेछ ।

(६) पालिकाको प्राथमिकता, आवश्यकता र भुगोल अनुसारका वन पैदावार लगाई निजी वन विकास तथा व्यवस्थापन गरेमा त्यस्ता वन व्यवस्थापन र संरक्षण गर्न तथा वनबाट उत्पादन भएका उपजको वजारिकरणका लागि कार्यपालिकाले विशेष सहुलियत दिन सक्नेछ ।

(७) पालिकामा बाझो रहेको जमिनमा निजी वन विकास गर्न चाहने व्यक्ति वा संस्थाका लागि पालिकाले बाली बीमा लगायतको सहुलियत तथा अनुदान प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (६) र (७) बमोजिमको सहुलियत तथा अनुदान उपलब्ध गराउदा स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोष, वातावरणीय सेवाबाट प्राप्त रकम तथा सहयोगी निकायहरुबाट सञ्चालन भएको कार्यक्रम मार्फत गरिनेछ ।

२५. **पुरस्कृत गर्न सक्ने:** (१) दफा २१ बमोजिम अनुगमन विवरण अनुसार सवैभन्दा उत्कृष्ट वनहरूको प्रोफाइल तयार गरी उत्कृष्ट तिन निजी वन धनीलाई पालिकाले वार्षिक रुपमा पुरस्कृत गर्नेछ ।

(२) उपदफा(१) बमोजिम पुरस्कारको सिफारिस गर्दा निम्न बमोजिमका आधारहरु समेतलांई हेर्नुपर्नेछ । यस्तो मूल्याङ्क गर्दा सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको समेत परामर्श लिन सकिनेछ ।

(क) वनको आर्थिक अवस्था,

(ख) वन संरक्षणको अवस्था र व्यवस्था,

(ग) वनको वृद्धि र गुणस्तर,

(घ) वनबाट वातावरणीय सेवामा पारेको प्रभाव ।

## परिच्छेद - ८

## विविध

२६. **दररेट सम्बन्धी सूचना प्रवाह:** निजी वनबाट उत्पादित काठ, दाउराको बजारको व्यवस्था निजी वन धनी आफैंले गर्नु पर्नेछ । तर विभिन्न प्रजातिका काठ दाउराको दररेट तथा बजारको सूचना र जानकारी वडा कार्यालयले डिभिजनल वन कार्यालय तथा आवश्यक परेको खण्डमा वन पैदावार व्यवसाय प्रवर्धन गर्ने व्यापारिक सञ्जालहरुको सहयोगमा अद्यावधिक गरी पालिकाको वेभसाइट तथा सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

२७. **सम्भावित बजारको सूचना प्रवाह:** (१) पालिकास्तरमा आवश्यक परेको खण्डमा वन पैदावार व्यवसाय प्रवर्धन गर्ने व्यापारिक सञ्जालहरुको सहयोगमा वा अन्य सूचना स्रोतबाट प्राप्त दररेट र बजारको सूचना आवश्यक

भोगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

CamScanner

पर्ने निजी वन धनीलाई वडा कार्यालय मार्फत उपलब्ध गराउनु पालिका तथा वडाको कर्तव्य हुनेछ ।

(२) पालिकासँग समन्वय गरी निजी वन व्यवस्थापन तथा प्रवर्धन गर्ने समूह, सङ्घ तथा संस्थाले काठ दाउरा लगायत निजी वनको उत्पादनको बजारीकरण तथा सूचनालाई नियमित रुपमा प्रकाशित गर्न सहयोग गर्न सक्नेछ ।

२८. <u>निजी वनको अद्यावधिक लगत राख्नु पर्ने</u>: प्रत्येक वडा कार्यालयले वडा स्तरमा र पालिकाले पालिका स्तरमा प्रत्येक निजी वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ ।

२९. <u>निजी वनको नामसारी</u>:(१) निजी वन लगाएको कुनै जग्गाधनीले जग्गा बिक्री गरेमा त्यस्तो जग्गा दर्ता भएको निजी वन जग्गा खरिद गरि लिने व्यक्तिको नाममा प्रचलित कानून बमोजिम नामसारी हुँदा स्वतः नामसारी हुनेछ ।

(२) त्यसरी नामसारी गर्नुपर्ने व्यक्तिले जग्गाधनी दर्ता प्रमाण पुर्जाको नक्कल र पहिलेको निजी वन दर्ता प्रमाणपत्रको सक्कल सहितको निवेदन सम्बन्धित वडा कार्यालय मार्फत पालिकामा पेश गर्नुपर्नेछ ।

(३) पालिकाले छानविन गर्नुपर्ने स्थिति भएमा छानविन गरी नामसारी गर्नुपर्ने व्यक्तिको नाममा पन्ध्र दिन भित्र नामसारी गरी प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(४) यसरी नामसारी गर्दा प्रमाणपत्र शुल्क वापत रू. १०० /- (एक सय) लाग्ने छ ।

३०. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिएका कुरा यसै बमोजिम र अन्यको हकमा विषयसँग सम्बन्धित प्रचलित कानून बमोजिम हुनेछ ।

CamScanner

३१. <u>बाधा अडकाउ फुकाउन सक्ने</u>: यस कार्यविधिमा लेखिएका कुरामा कुनै वाधा, अडकाउ आइपरेमा फुकाउने कार्य कार्यपालिकाले गर्नेछ ।

३२. <u>संशोधन</u>: यो कार्यविधि पालिकाको कार्यपालिकाले प्रचलित सङ्घीय तथा प्रादेशिक कानूनको अधिनमा रही संशोधन गर्न सक्नेछ ।

CamScanner

योगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

## अनुसूची - १

## निजी वन दर्ताको लागि दिईने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
लक्ष्मीनियाँ गाउँपालिका ।

**विषय: निजी वन दर्ता गरि पाउँ ।**

मैले/हामीले आफ्नो आवादी जमीमा लगाई राखेको वन, वन ऐन २०७६, वन नियमावली, २०७९ र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८२ बमोजिम रुख दर्ता गरी पाउँ । मैले /हामीले लगाएको रुखको जात, परिमाण र त्यसले ओगटेको जग्गाको क्षेत्रफल तपसिल बमोजिंम छ । म/हामीसँग भएको जग्गाको निस्सा प्रमाण पूर्जा, सव/डिभिजनल वन कार्यालयबाट प्राप्त सिफारिस पत्र यसैसाथ संलग्न गरेको छु/छौं ।

तपसिल:

| क्र. स. | वडा नं. | टोलको नाम | जग्गाको कित्ता नं. | जग्गाको क्षेत्रफल | रुख विरुवाको जात | रुख विरुवाको संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| कुल क्षेत्रफल | | | | | | |

निवेदक

हस्ताक्षर

योगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

CamScanner

नाम, थर:

वडा:

मिति:

अनुसूची २

## निजी वनको स्थलगत जाँचबुझको प्रतिवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति: २०..../....

लक्ष्मीनियाँ गाउँपालिका।

विषय: जांचबुझ गरी पेश गरेको।

उपरोक्त विषयमा पालिका को च.नं. ...................... मिति २० / / गतेको प्रत्रादेशानुसार ............................पालिका . .............. वडामा वस्ने ...................................... को ............................ पालिका ..............वडामा रहेको ...................... .. कि.नं. ....................... क्षेत्रफलको नम्वरी आवादी जग्गामा लगाएको रुख विरुवाको स्थानीय भद्र भलादमी तथा जग्गाधनी समेतको रोहवरमा स्थलगत जांचबुझ गर्दा निवेदनमा उल्लेखित जग्गा निज निवेदककै नम्वरी आवादी जग्गा रहेको र उक्त जग्गामा हाल तपसिल अनुसारको जात र परिमाणको रुख विरुवाहरु ठहर भएको हुनाले जांचबुझ मुचुल्का पाना १ र संलग्न कागजपत्रहरु सहित यसैसाथ संलग्न राखी आवश्यक दर्ता कार्वाहीको लागि पेश गरेको व्यहोरा अनुरोध छ।

संलग्न विवरण:

क. जग्गाको कि. नं जग्गाको क्षेत्रफल:

ख. जग्गा रहेको पालिका वडा नं तथा टोल

ग. रुख विरुवाको संख्या:

तपसिल

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ धनुषा
मधेश प्रदेश नेपाल
२०७३

| क्र.सं. | रुख विरुवाको जात | रुखको डायमिटर । गोलाइ | औसत उचाई फिट | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

पुनश्चः रुख विरुवाको जात धेरै भए अर्को पाना प्रयोग गर्ने ।

संलग्न कागजपत्रहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी ।

३. वन क्षेत्र वा सार्वजनिक क्षेत्रसँग जोडिएको जग्गाको हकमा नापी प्राविधकको रोहबरमा कित्ता खुलेको प्रमाणित नक्सा ।

४. पछिल्लो तिरो तिरेको रसिद ।

५. जांचवुझ मुचुल्का

प्रतिवेदक

नामः कर्मचारी संकेत नं.

पदः

दस्तखतः मितिः

**पुनश्चः** डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयबाट सिफारिस भै आएको हकमा पालिकाले पुनः  जाचबुझ गर्न आवस्यक भएमा मात्र जाँचवुझ गर्न सक्ने ।

CamScanner

अनुसूची ३

## निजी वन दर्ता गर्ने निर्णयको ढाँचा

## जाँचबुझमा संलग्न वन प्राविधिकको सिफारिस

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू ,

**लक्ष्मीनियाँ गाउँपालिका ।**

उपरोक्त बमोजिमको नीजि वन दर्ताको लागि पेश गरिएको निवेदक श्री..............................................को .................... पालिका वार्ड नं. ........................टोल................................मा रहेको कित्ता नं..................................मा ............................प्रजाति समेतको विरुवाहरु रोपेको वा हुर्काएको व्योहरा संलग्न स्थलगत जाचवुझ प्रतिवेदनबाट समेत देखिएको हुदा निजको नाममा प्रचलित कानून बमोजिमको वन पैदावार उपयोग गर्न पाउने गरी वन ऐन २०७६ र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८१ बमोजिम दर्ता गरि प्रमाणपत्र दिन उपयुक्त देखि निणर्य हुनको लागि पेश गरेको छु ।

दस्तखतः मितिः

नामः

पदः

कर्मचारी संकेत नं.

## पालिकाको निणर्यको नमूना

उपरोक्त बमोजिमको व्यक्तिको नाममा प्रचलित कानून बमोजिम वन पैदावार उपयोग गर्न पाउने गरी वन ऐन २०७६ र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८२ बमोजिम दर्ता गरि प्रमाणपत्र दिने निणर्य गरियो ।

CamScanner

दस्तखत:                                    मिति:

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

कर्मचारी संकेत नं:

अनुसूची - ४

## निजी वन दर्ताको प्रमाणपत्रको ढाँचा

लक्ष्मीनियाँ गाउँपालिका

लक्ष्मीनियाँ गाउँ कार्यपालिकाको कार्यालय

## दर्ता प्रमाण पत्र

**प्रमाण पत्र नम्बर:**

मिति:

श्री .............................................

तपाईंले धनुषा डिभिजन वन कार्यालय । सब डिभिजन वन कार्यालयको सिफारिस सहित यस लक्ष्मीनियाँ गाउँपालिकामा निजी वन दर्ता गराई पाउँ भनी पेस गरेको कागजात अध्ययन हुँदा वन ऐन. २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको निजी वन तथा निजी आवादी जमिनमा लगाएको वन पैदावारलाई निजी वनको रुपमा दर्ता गरी निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यो प्रमाणपत्र दिइएको छ ।

**निजी वनको विवरण:**

(क) नाम:

(ख) चार किल्ला:

(ग) क्षेत्रफल:

(घ) वन पैदावारको प्रजाति:

(ङ) वन पैदावारको सङ्ख्या:

| क्र.सं. | रुख विरुवाको | रुखको | औसत उचाई | कैफियत |
|---|---|---|---|---|

योगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

| | जात | डायमिटर । गोलाइ | फिट | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

प्रमाण-पत्र दिने अधिकृत

नाम, थर:

पद: प्रमुख प्रशासकीय अधिकृत

दस्तखत:

मिति:

**द्रष्टव्य:** यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ ।

योगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
२०७४

अनुसूची ५

## निजी वन समुह दर्ता निवेदनको ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय।

लक्ष्मीनियाँ बजार।

विषय: निजी वन समुह दर्ता गरिपाउँ।

निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम निजी वन समुहको गठन गरी समूह दर्ता गरी पाउन समुहको विधान तथा कार्ययोजना संलग्न गरी पेश गरेका छौं।

निवेदक

.........

निजी वन समुहको तर्फबाट

| क्र.सं. | नाम | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

भोगेन्द्र मि...
गा.पा.अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

गाउँ कार्यपालिकाको कार्यालय
धनुषा
नेपाल
२०७३

भोगेन्द्र मिश्र
गा.पा.अध्यक्ष

अनुसूची ६

## निजी वन समूह दर्ताको प्रमाणपत्रको ढाँचा

लक्ष्मीनियाँ गाउँपालिका

लक्ष्मीनियाँ गाउँ कार्यपालिकाको कार्यालय

## दर्ता प्रमाण पत्र

दर्ता नं.

मिति:

श्री......................निजी वन समुह

....................................।

निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८२ मा भएको व्यवस्था अनुसार आवश्यक छानविन गरी त्यस समूहलाई निजी वन समुहको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

**निजी वन समूहको विवरण:**

- समुह रहेको ठेगाना:
- समूह सदस्य संख्या:
- निजी वनले ओगटेको क्षेत्रफल:
- निजी वन समुहको कार्यक्षेत्र(वडा नं.)

प्रमाणपत्र दिने अधिकारीको

दस्तखत:

नाम:

पद:

मिति:

अनुसूची - ७

## निजी वन वा निजी जग्गामा भएका कृषि उपज सरह सङ्कलन, बिक्रि र ओसारपसार गर्न सकिने वन पैदावार प्रजाती

| (क) काष्ठ प्रजाति | | | (ख) जडीबुटी प्रजाति | | | (ग) अन्य वन पैदावार प्रजाति | |
|---|---|---|---|---|---|---|---|
| क्र स | प्रजाति | | क्र स | प्रजाति | | क्रस | प्रजाती |
| १ | अम्बा | | १ | अमला | | १ | अम्रिसो/अम्लिसो |
| २ | कटहर | | २ | सिल्टिमुर | | २ | बाँस/निगोला |
| ३ | कपोक | | ३ | कचुर | | ३ | अल्लो |
| ४ | आँप | | ४ | कुरिलो, सतावरी | | ४ | बनकस, बाबियो |
| ५ | नीम | | ५ | केसर | | | |
| ६ | जामुनो | | ६ | घ्यूकुमारी | | | |
| ७ | इपिलइपिल | | ७ | चिउरी | | | |
| ८ | बकाईनो | | ८ | चिराईतो | | | |
| ९ | गोल्डमोहर | | ९ | पामारोजा | | | |
| १ | इमली | | १ | तेजपात | | | |

लक्ष्मीनियाँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लक्ष्मीनियाँ धनुषा मधेश प्रदेश नेपाल २०७३

योगेन्द्र मिश्र गा.पा. अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ० | | | ० | | | | |
| ११ | बबुर, बबुल | | ११ | तुलसी | | | |
| १२ | टिक | | १२ | बेल | | | |
| १३ | सिसौ (वृक्षरोपण) | | १३ | बोझो | | | |
| १४ | मसला | | १४ | बोधिफल, बोधिचित्त | | | |
| १५ | लहरेपिपल | | १५ | मसलाको पात | | | |
| १६ | सिरिस | | १६ | रिठ्ठा | | | |
| १७ | लिची | | १७ | रुद्राक्ष | | | |
| १८ | क्यासिया सियामिया | | १८ | लप्सी | | | |
| १९ | कटुस | | १९ | क्यामोमाईल | | | |
| २ | मोलाटो | | २ | मेन्था | | | |

योगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ० | | | ० | | | | |
| २१ | वीरेन्द्रफूल | | २१ | लेमन ग्रास | | | |
| २२ | कदम | | २२ | सिट्रोनेला | | | |
| २३ | उत्तिस | | २३ | टिमुर | | | |
| २४ | नीम | | | | | | |
| २५ | टुनी | | | | | | |
| २६ | चिलाउने | | | | | | |
| २७ | गोब्रे सल्ला | | | | | | |
| २८ | हलुवावेद | | | | | | |

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७३

मिश्र
गा.पा. अध्यक्ष

Jnild
जोगेन्द्र मिश्र
गा.पा.अध्यक्ष

लक्ष्मीनिया गाउँ कार्यपालिकाको कार्यालय लक्ष्मीनिया धनुषा मधेश प्रदेश नेपाल २०७३

अनुसूची ८

**अनुगमन फारमको ढाँचा**

१.वन धनीको नाम/थर ..........................................

ठेगानाः जिल्ला.................गाउँ/न.पा........................... वडा नं. ....... टोल.........................

२. वृक्षारोपण गर्ने जग्गाको विवरणः

(क) जग्गा धनीको नाम...................(ख) जग्गा भएको ठाउको

गाउँ/न.पा.......................वडा नं............

(ग) कित्ता नं..................... (घ) क्षेत्रफल ................. (ङ) जग्गा धनीको कुल जग्गाको

क्षेत्रफल ...............

३. वृक्षारोपणको विवरणः -क) वृक्षरोपण गरेको वर्ष.................

(ख) वृक्षारोपण भएका

| सि.नं. | प्रजाती | संख्या | सि.नं. | प्रजाती | संख्या |
|---|---|---|---|---|---|
| १ | | | ६ | | |
| २ | | | ७ | | |
| ३ | | | ८ | | |
| ४ | | | ९ | | |
| ५ | | | १० | | |

४. वृक्षारोपण अन्तरवालीको रुपमा वा चक्लावन्दको रुपमा गरिएको हो

Jnild
जोगेन्द्र मिश्र
गा.पा.अध्यक्ष

CamScanner

**५. वृक्षारोपण गरिएको जग्गाको विवरण**

(क) वृक्षरोपण गएिको जग्गा कस्तो होः खेत (Low Land)....... वारी (Upland)...... नदी उकाश......

(ख) वृक्षरोपण गएिको जग्गाको अन्य विवरण (मलिलो, चिम्टाईलो, वलौटे के हो, जग्गाको अन्य विशेषताहरु)

**६. वृक्षरोपणको संरक्षण कसरी गरिएको छ ।**

(क) तारवार गरेर.......... हेरालु राखेर.........अन्य व्यवस्था

(ख) वाँचेका विरुवाको संख्या/प्रतिशत.........../..........

(ग) वृक्षरोपण संरक्षणको अवस्था कस्तो छ (विवरण उल्लेख गर्ने)

**७. वृक्षरोपणको अनुमानित लागतः रु..................**

**८. वनको वृद्धि तथा गुणस्तरः** वन वालीलाई समग्रमा तीन डाएमिटर र उचाई श्रेणीमा राखि औषत डाएमिटर र उचाइ उल्लेख गर्ने ।

(क) व्यास र उचाईको विवरण

| **श्रेणी** | **औषत .डाएमिटर व्यास** | **औषत उचाई** | **रुख/विरुवा संख्या/प्रतिसत** | **वृक्षरोपण को समग्र गुणस्तर** |
|---|---|---|---|---|
| उच्च | | | | |
| मध्यम | | | | राम्रो/मध्यम /न्यून |
| निम्न | | | | |

(ख) अवलोकनबाट देखिएका अन्य विवरण (अवलोकन कर्ताको मुल्याङ्कन):

**९. जग्गा धनीको मन्तव्य**

(क) जग्गा धनीको सन्तुष्टीः सन्तुष्ट..... सामान्य ........ असन्तुष्ट .........

(ख) जग्गा धनीको प्रतिकृया (जग्गा धनीको चाहाना, योजना, समस्या, गुनासाहरु)

**१०. अनुगमन कर्ताको निष्कर्षः**

**अनुगमन कर्ताको दस्तखत**

नाम:.........................

पद..........................

मिति.....................

अनुसूची-९

जोगेन्द्र मिश्र,
गा.पा.अध्यक्ष

## दर्ता भएका वा दर्ता नभएका निजी वन धनीले वन पैदावार कटान वा सङ्कलन गर्न इजाजत प्राप्तिका लागि दिनुपर्ने निवेदन ढाँचा

मितिः

श्री.............................

.................................

विषयः वन पैदावार सङ्कलन का लागि अनुमति पाउँ।

म/हामी निवेदक...........को................पालिका वडा नं.......दर्ता श्रेस्ता कायम रहेको कित्ता नं.........को जग्गामा आफैं लगाई हुर्काएका तपसिलमा उल्लेखित जात र परिणामका वन पैदावार सङ्कलन गर्न अनुमत्ति प्रदान गरिदिनुहुन यो निवेदन पेश गरेको छु।

तपसिल

| क्र.स. | जग्गाको ठेगाना | कित्ता नं. | वन पैदावारको प्रजाति | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदक

दस्तखतः

नामः

मितिः

जोगेन्द्र मिश्र,
गा.पा.अध्यक्ष

अनुसूची - १०

## निजी वन कटानी इजाजतपत्र

लक्ष्मीनियाँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार।

मिति:

श्री ..................................................

................................................।

विषय: कटानी ईजाजत सम्बन्धमा

तपाई/तपाईहरुले मिति ............................ मा दिएको निवेदनमा यस कार्यालयबाट छानबिन हुदा .................. गपा/नपा, वडा नं. ............... स्थित कित्ता नं. .............. मा रहेको वन पैदावार निजी वनको ठहर भए बमोजिम तपसिलमा उल्लेखित रुख कटान -सङ्कलन गर्नको लागि इजाजत दिईएको छ।

### तपसिल

| क्र स | प्रजाति | गोलाइ | उचाई | कटान गर्ने रुख संख्या | सङ्कलन गर्ने तरिका | कैफित |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

जोगेन्द्र मिश्र
गा.पा. अध्यक्ष

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

..........................................

(इजाजत दिने अधिकारी)

**बोधार्थ**

१. श्री ...................................... सब / डिभिजन वन कार्यालय

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

अनुसूची - ११

## निजी वनबाट उत्पादित काठ, दाउरा वा अन्य वन पैदावारको तेरीज फारम

पालिका ..................... वडा नं. ............... कित्ता नं. ...... मा रहेको निजी वनबाट उत्पादित ................ च.नं. ......... मिति ......... को इजाजत पत्रानुसारको गोलिंया काठ/चिरान/अन्य वन पैदावार थान .......... को ........ घन फिट / घन मिटर निम्नानुसार नाप साइजको गोलिया काठ / चिरान/अन्य वन पैदावारको विवरण तेरीज फाराम

| क्रस | प्रजाति | किसिम | नाप साईज | थान | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**तेरीज तयार गर्नेको दस्तखतः**

नामः

पदः

मितिः

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार धनुषा
मधेश प्रदेश नेपाल
२०७३

अनुसूची १२

**निजी वनको वन पैदावार (काठ, दाउरा)**

**निकासी इजाजतपत्र(ओसारपसार अनुमतिपत्र)**

लक्ष्मीनियाँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मिति:

**विषय: निकासी इजाजत पत्र**

श्री........................

..............................

तपाई/तपाईंहरूको माग अनुसार ................सम्म लैजानको लागि मिति...........को नापी विमार्का अनुसार............... टाँचा निसान लागेको तपशील बमोजिम.................निजी वनको निम्न पैदावार..............दिनभित्र.......................बाट..............सम्म उठाई लैजान यो इजाजतपत्र दिइएको छ । बाटोमा पर्ने चेकपोष्टहरूबाट नियमानुसार दरपीठ गराई लैजानु होला।

**तपशिल**

| क्र.स. | कटान गरिएको कि.नं. र ठेगाना | वन पैदावार र प्रजाती | किसिम( काठ, दाउरा, अन्य) | थान | इकाई | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

धर्मेन्द्र मिश्र
गा.पा. अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

इजाजत दिने अधिकारी

दस्तखत:

नाम:

**वोधार्थ:**

सव/डिभिजन वन कार्यालय